जि. प्रशा.का.,बारा,द.नं.: ६४/०७२/०७३ जि. हुलाक का.,बारा,द.नं.: १०/०७२/०७३

सत्य, तथ्य र निष्पक्ष सामाचारका लागि

# साझेदारी

राष्ट्रिय दैनिक

SAJHEDARI NATIONAL DAILY

वर्ष : ८ | अंक : १८३ | २०७९ साल माघ १० गते, मंगलवार | Tuesday 24, Jan. 2023 | मूल्य रु. ५/- | पृष्ठ : ४

**जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं**

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारिरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धुम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड

# ठेकेदारहरुले अटेरी गर्दै जीतपुरसिमराको करोडौं रकम अझै बुझाएनन्

रञ्जन यादव
जीतपुरसिमरा, ९ माघ

जीतपुरसिमरा उपमहानगरपालिकालाई अटेरी गर्दै




ठेकेदारहरुले बुझाउँनुपर्ने करोडौं रुपैया अहिलेसम्म बुझाएका छैनन् ।

उपमहानगरपालिकाको ठेक्का सकारेका ठेक्दारहरुले उपमहानगरपालिकालाई बुझाउँनुपर्ने ८ करोड २० लाख ५१ हजार ९ सय ५५ रुपैया अहिलेसम्म नबुझाएका राजश्व शाखा प्रमुख राम शर्माले जानकारी दिएका छन ।

उपमहानगरपालिकाले बारम्बार बक्यौता रकम बुझाउँन ठेकेदार कम्पनीहरुलाई परिपत्र गरे पनि उनीहरु अटेरी गरी बसेका छन् । २०७७ साल जेठ मसान्त सम्मको लागि नदीजन्य पदार्थ उत्खन्न तथा बिक्रि गर्ने ठेक्का सकारेका न्यु पाथिभरा सप्लायर्स हेटौडाले १ करोड २० लाख २८ हजार ९० रुपैया, श्रेष्ठ बिल्डर्स प्रा.लि. सिमराले १ करोड २७ लाख ३० हजार २ सय २१ रुपैया, ओम सप्लायर्स कलैयाले ९९ लाख ९९ हजार ९ सय ९९ रुपैया, २०७८ साल जेठ मसान्तसम्मको लागि ठेक्का सकारेका बिनोद साह निर्माण सेवा कलैयाले ३ करोड १२ लाख रुपैया उपमहानगरपालिकालाई अहिलेसम्म बुझाएका छैनन् ।

त्यस्तै २०७७ असार सम्मकोलागि सड्क उपयोग शुल्क उठाउँन ठेक्का सकारेका न्यु गुप्ता सप्लायर्सले २१ लाख २५ हजार , कबाडी करको ठेक्का सकारेका सिमरा कन्स्ट्रक्सनले १ करोड २१ लाख ५३ हजार ६ सय ९३ रुपैया , पाडा भैसी बजारको ठेक्का सकारेका जितेन्द्र प्रसाद यादबले १५ लाख रुपैया र बिज्ञापन करको ठेक्का सकारेका रुटस एड्भटाईजिङ, कलैयाले ३ लाख १४ हजार ९ सय ५२ रुपैया उपमहानगरपालिकालाई बुझाउँनु पर्ने रकम नबुझाएर अटेरी गर्दै आएको जीतपुरसिमरा उपमहानगरपालिकाले जनाएको छ ।

बिनोद साह निर्माण सेवा र सिमरा कन्स्ट्रक्सनले कोभिड संक्रमणको कारण आफुहरुलाई घाटा भएको कारण बताउँदै जिल्ला अदालत बारामा बक्यौता रकम मिनाहाको माग राख्दै मुदा दायर गरेका छन् । पाडा भैसी बजारको ठेक्का सकारेका जितेन्द्र यादब र बिज्ञापन कर उठाउँन ठेक्का सकारेका रुट्स एड्भटाईजिङ कलैयाको पहिलाको ठेगाना परिवर्तन भएको कारण बताउँदैं पठाईएको चिठि फिर्ता हुने गरेको छ । न्यु पाथिभारा सप्लायर्स हेटौडा ,श्रेष्ठ बिल्डर्स प्रा.लि. सिमरा र ओम सप्लायर्स कलैयाको गलत बिल जारी गरेको भन्दै

बाँकी तेस्रो पृष्ठमा

# बारा प्रहरीद्धारा एकै दिन ३३२ जना फरार प्रतिवादी पक्राउ

साझेदारी संवाददाता
कलैया, ९ माघ

बारा प्रहरीले एकैदिन करिब ३३२ जना फरार प्रतिवादीहरुलाई पक्राउ गरि अदालतमा हाजिर गराएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराले बारा अदालतको फैसला कार्यान्वयनको सिलसिलामा विभिन्न घटनामा आरोपी भई अदालतबाट दण्ड र सजाय पाएका फरार प्रतिबादीहरुलाई पक्राउ गरेको हो । फरार प्रतिवादीहरूलाई पक्राउ गरी कानूनी कारवाहीको दायरामा ल्याउने उदेश्यले संचालित फरार प्रतिवादी पक्राउ अभियान अन्तरगत प्रहरीले पक्राउ गरिएको प्रहरी प्रबक्ता राजेश थापाले बताए ।



विभिन्न स्थानबाट पक्राउ परेकाहरु । फोटोःबारा प्रहरी

लामो समयदेखी अदालतबाट कैद तथा जरिवानाको फैसला भई कानूनी कारवाहीको दायराबाट भाग्दै लुकीछिपी बस्दै आएका फरार प्रतिवादीहरूलाई पक्राउ गरिएको हो । यसमा अधिकतम ६ वर्ष ५ महिना १० दिन कैद सजाय भएका जिल्ला बारा कलैया उपमहानगर-पालिका वडा नं.१ बस्ने विजय दास देखी बैकिङ्ग कसूर मुद्दामा रु.७ लाख जरिवाना सजाय भएका छन ।

यस्तै जिल्ला बारा पचरौता

बाँकी तेस्रो पृष्ठमा

# राजपुरमा फयूज सेवा तथा बिद्युत महशुल काउन्टर सञ्चालनमा

सुभाष कुमार मिश्र
रौतहट, ९ माघ

रौतहटको राजपुर नगरपालिकाको डमार चौकमा फ्युज सेवा तथा विद्युतको महशुल संकलन काउन्टर स्थापना गरिएको छ ।

राजपुर नगरपालिकाका जनताको सहजताका लागि विद्युत काउन्टर स्थापना गरिएको हो । महशुल काउन्टरको सोमबार एक कार्यक्रमका बीच राजपुर नगरपालिकाका नगरप्रमुख डा. मो.राजिक आलमले उद्घाटन गरेका हुन् ।




महशुल काउन्टरको उद्घाटन गर्दै मेयर आलमले स्थानीय तहको निर्वाचनकै क्रममा आफूले महशुल काउन्टरका बारेमा बोलेअनुसार काम गरिएको बताए । उनले विद्युत महशुल काउन्टर स्थापना पछि सबै नगरबासीलाई पनि सहज हुने बताए । 'विद्युतको ८० रुपैयाँ महशुल तिर्नको लागि सदरमुकाम गौर पुग्न दोब्बर खर्च गर्नुपर्ने अवस्था थियो' उनले भने 'आय संकलन काउन्टर यहाँ राखिएपछि यहाँका जनतालाई सहज र सुलभ हुने बताएका हुन ।'

जनताको सबभन्दा नजिकको सरकार स्थानीय सरकार रहेको हुँदा सार्वजनिक सेवा जनताको घरदैलोमै उपलब्ध गराउने दायित्व तथा जिम्मेवारी स्थानीय सरकारकै रहेकोले पालिका स्तरमै महशुल काउण्टर सञ्चालन गराई आफुले आम नागरिकलाई नजिकको सरकारको अनुभूति गराउन खोजेको मेयर आलमले बताए ।

विद्युत प्राधिकरण गौर वितरण केन्द्रका प्रमुख विजय महतोले नजिकमा बिजुली बिल बुझाउने काउण्टर नहुँदा यहाँका उपभोक्ताहरुलाई ३० देखी एक सय रुपैयाँ मात्र महशुल

बाँकी तेस्रो पृष्ठमा

## प्रसौनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**प्रसौनी, बारा**
**मधेश प्रदेश, नेपाल**

### गुनासो सुनुवाई अधिकारी आवश्यकता सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति (२०७९/१०/१०)*

प्रस्तुत विषयमा यस प्रसौनी गाउँपालिकाको लागि तपसिलको पदमा देहायको योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयभित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं. | विज्ञापन नं. | सेवा करारमा लिने पद | तह | पद संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०८/०७९/०८० | गुनासो सुनुवाई अधिकारी | रा.प.अनं. प्रथम | २ | ५००।- |

**१.दरखास्त दस्तुर बुझाउने विवरण :**
**बैंकको नाम :-** हिमालयन बैंक लिमिटेड,शाखा : प्रसौनी गाउँपालिका,प्रसौनी,बारा
**राजस्व खाता नं.:-** ०५३०७६८२९४००१९ खाताको नाम :-ग-१.१आन्तरिक राजस्व खाता प्रसौनी ।
**२.दरखास्त बुझाउने स्थान :-** प्रसौनी गाउँ कार्यपालिकाको कार्यालय, प्रसौनी, बारा ।
**३.दरखास्त बुझाउने अवधि :-** बिहान १० बजे देखि बेलुका ४ बजे सम्म ।
**४.दरखास्त दिने अन्तिम मिति :-** २०७९/१०/२४ गते सम्म ।
**५.सेवा सुविधा तथा अन्य :-** रा.प.अनं.प्रथम सरह हुनेछ ।
**६.छनौटको आधार :-** संक्षिप्त सूची प्रकाशन र पहिलो खटिएका सुपरीवेक्षक तथा गणकलाई प्राथमिकता दिईनेछ ।
**७.परिक्षा मिति :-** पछि सूचना प्रकाशन गरिनेछ ।
**८.आवश्यक न्यूनतम योग्यता र अनुभव :-**
**क) शैक्षिक योग्यता :-** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको र कम्प्यूटर सम्बन्धी आधारभूत ज्ञान भएको ।
**ख) उमेर :-** पुरुषको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र महिलाको हकमा ४५ वर्ष ननाघेको ।
**९. आवेदन साथ संलग्न पेश गर्नुपर्ने कागजातहरु :**
क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।
ख) चारित्रिक प्रमाणपत्रको प्रतिलिपी ।
ग) नागरिकताको प्रतिलिपी ।
घ) कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपी ।
ङ) २ प्रति पासपोर्ट साईजको फोटो ।
**१०. करार अवधी :-** २ महिना मात्र
**नोट :** थप जानकारीको लागि कार्यालयको सम्पर्क नं. ९८५५०४८३०३
आवेदनको ढाँचा र गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका २०७५ लगायत अन्य जानकारी https://molcpa.gov.np र www.prasaunimun.gov.np मा उपलब्ध छ ।

*प्रमुख प्रशासकीय अधिकृत*

समयमा कर तिरौं गाउँको विकासमा सहयोगी बनौं ।
कलैया उपमहानगरपालिकाको कार्यालय, कलैया, बाराद्वारा जनहितमा जारी

साझेदारी राष्ट्रिय दैनिक
SAJHEDARI NATIONAL DAILY



## साझेदारी राष्ट्रिय दैनिकका लागि

प्रकाशक/सम्पादक : श्यामबाबु प्रसाद यादव -९८५५०४५०८०
सह सम्पादक : सन्तोष पाण्डे -९८५५०४५९९०
उप-सम्पादक : गणेशराज रिजाल-९८५५०२४९५५
उप-सम्पादक : वसन्त खतिवडा -९८४५०९२५२४
लेआउट डिजाइनर : राजेश चौधरी :-९८०७२२८०६१
कानूनी सल्लाहकार : प्रमहंस प्र.केशरी, श्यामबिहारी कुशवाहा र नरेश चौधरी
मुद्रक : पौडेल अफसट्र प्रेस, वीरगंज
प्रधान कार्यालय : कलैया-१, राजदेवी टोल, बारा
सम्पर्क फोन : ०५३-५५१०४७, मो.नं.९८०९१९१३००

Email : sajhedari.daily@gmail/com, shyam.bara@gmail/com
facebooak : साझेदारी राष्ट्रिय दैनिक, साझेदारी दैनिक
twitter : @sajhedaridaily, YouTube : sajhedari daily
online : www.sajhedaridaily.com

## सम्पादकीय...

# जग्गा वर्गीकरण छिटो गरियोस् ।

पछिल्लो एक दशकदेखी नेपालमा जथाभावी प्लटिङ्ग गरि जग्गाको भु बनावट नै विगार्ने र खेतीयोग्य जमिनलाई पनि खण्डीकरण गरेर मानव वस्ती बनाउ होडबाजी नै चलेको थियो । जसको कारण जग्गाको खरिद विक्रीमा तिब्र प्रतिस्पर्दा भईरहेको थियो । सरकारले पनि रियल स्टेट दर्ता गरेर जग्गाको प्लटिङ्ग गरि खरिद विक्री गर्न कानुनी रुपमै ईजाजत दिएको थियो । घरजग्गा कारोवारमा अस्वभाविक रुपमा मुल्य वृद्धि गरेर कर छली गर्ने र जग्गाको बनावट नै विगार्ने काम भएको थियो । गग्गाको वर्गीकरण सवै पालिकाहरुले गर्ने हो । तर समयमै पालिकाले जग्गा वर्गीकरण नगर्दा कित्ताकाट रोकिएको छ । जुन पालिकाले वर्गीकरण गरेको छ, ती पालीकाहरुमा कित्ताकाट भने खुलेको छ ।

सरकारले जग्गाको कित्ताकाटमा केही कडाई गरेको र कोरोना महामारीका कारण आर्थिकमन्दी हुनथालेपछि जग्गा किनबेचको कारोवार पनि विगत दुई बर्षयता कमी भएको छ । यो संगै सरकारले थप कडाई गर्दै जग्गाको वर्गीकरण गर्नुपर्ने र वर्गीकरण नहुँदा कित्ताकाट रोक्का गर्न कानुन नै जारी गरेपछि अहिले देशभर कित्ताकाटमा समस्या आएको छ । नेपाल सरकारले भू-उपयोग ऐन २०७६ तथा नियमावली २०७९ जारी गरेपछि कित्ताकाटको समस्या आएको हो ।

कृषि योग्य जग्गा खण्डीकरण भएर मुलुकमा खाद्यान्न संकट सहितका अन्य विकासको कामकाज गर्नमा समस्या हुन सक्ने भएकाले सरकारले जग्गालाई १० वर्गमा छुट्टाएर कित्ताकाटको व्यवस्था गर्न उक्त एनमा उल्लेख छ। सरकारले जारी गरेको भू(उपयोग अनुसार हरेक पालिकाले जग्गाहरूको वर्गीकरण गरी १० भागमा छुटाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आफ्नो क्षेत्रका जग्गालाई कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, खोला(नाला(सिमसार क्षेत्र, सार्वजनिक उद्योग क्षेत्र, संस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र र नेपाल सरकारले आवश्यकता अनुसार तोकिएको क्षेत्र गरी वर्गीकरण गर्न स्थानीय तहलाई अधिकार दिइएको छ। यसरी पालिकाले जग्गाको बर्गिकरण गरेपछि मात्र जग्गाको कित्ताकाट गर्न पाईने छ । देशभरका धेरै पालिकाहरुले जग्गाको वर्गीकरण नगर्दा आम जनता समस्यामा परेका हुन् । तर्सथ जग्गा वर्गीकरण गर्नमा सवै पालिकाहरुको ध्यान जान जरुरी छ ।

# मेलम्ची भीषण बाढीपहिरोको डेढ वर्ष, विपद्को घाउ अझै उस्तै

*सिन्धुपाल्चोक (हेलम्बु), ९ माघ*

मेलम्ची खोलाको मुहानबाट आएको विनाशकारी बाढीपहिरोले हेलम्बु र मेलम्ची क्षेत्रमा पुर्‍याएको ठूलो जनधनको क्षति भएको डेढ वर्षभन्दा बढी भइसकेको छ । तर त्यसले छाडेर गएको घाउ अझै पनि उस्तै छ ।

मेलम्ची खानेपानी आयोजनाको प्रारम्भस्थल हेलम्बुको अम्बाथानदेखि मेलम्ची बजारसम्मको नदी क्षेत्र ढुङ्गा, गेग्रान र बालुवाले भरिएको छ । मरुभूमि झैं देखिने बगरमा दर्जनौं पक्की घर अझै लडेकै अवस्थामा छन् । बाढीपहिरो आउनुअघिको हराभरा र उब्जाउ कृषि भूमि र नदी किनारामा विकास भएको बजार र बस्ती क्षेत्रमा यतिबेला ढुङ्गा र बालुवा मात्रै देखिन्छन् ।

यसप्रकारका ठूला विपद्पछि प्रायः केन्द्र सरकारले विशेष प्याकेज बनाएर पुनःनिर्माण र पुनःस्थापनाका काम गर्ने गरेको भए पनि यस क्षेत्रमा भने हालसम्म त्यस्तो ठोस् पहल नभएको हेलम्बु गाउँपालिकाको गुनासो छ । काठमाडौं उपत्यकालाई खानेपानी आपूर्ति गर्ने मेलम्चीको मुहानस्थल हेलम्बु अहिले विपद्पछिको पुनःस्थापना र पुनःनिर्माणमा एक्लै जुझिरहेको छ ।

विसं २०७८ असार १ मा मेलम्ची खोलाको मुहानस्थल भेमाथाङबाट आएको बाढीपहिरोले हेलम्बुदेखि मेलम्ची बजारसम्म पुर्‍याएको क्षतिबारे अझै पनि सम्पूर्ण विवरण आउन सकेको छैनरु । उक्त दिन र त्यसपछि साउन १६ र १७ गते आएको बाढीपहिरोले हेलम्बुस्थित मेलम्ची खोलाको अम्बाथानदेखि मेलम्ची बजारसम्म करिब १८ किलोमिटर क्षेत्रमा क्षति पुर्‍याएको थियो ।

हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले केन्द्र सरकारले हालसम्म चनौटेमा एक बेलिब्रिज पुल जडान बाहेक पुनःस्थापनामा ठूलो सहयोग नगरेको गुनासो गर्नुभयो ।

यसबाहेक अन्य स्थानमा कुनै पुल नहुँदा स्थानीयलाई ओहोरदोहोर गर्न कठिनाई बेहोर्नु परेको छ । बाढीपहिरोले परी कैयौं व्यक्ति वेपत्ता हुनुका साथै सयौं रोपनी खेत, उक्त क्षेत्रका उद्योग, व्यापार व्यवसाय, घर, विद्यालय, सरकारी कार्यालय, झोलुङ्गे पुल, मोटरेबल पुल, कल्भर्ट बेलिब्रिज बगाएको थियो ।

काठमाडौँबाट हेलम्बु पुगेको वातावरण, जलवायु परिवर्तन, विकाससँग सम्बन्धित सरकारी तथा गैरसरकारी क्षेत्रका विभिन्न विज्ञ, सञ्चारकर्मीसहित टोलीसँग गरिएको अन्तरक्रियामा अध्यक्ष शेर्पाले यस विपत्तिमा स्थानीय सरकारले एक्लै सक्दो प्रयास गरिरहे पनि अपुग भएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, “विपद्का कारण हेलम्बुबासीले भोगिरहेको क्षतिको जीम्मेवारी नेपाल सरकारले पनि लिनुपर्ने हो, तर अहिलेसम्म खासै वास्ता गरेको छैन”, उहाँले भन्नुभयो, “बाढीपहिरो जलवायु परिवर्तनका कारणले हो वा अन्य कारणले हो हालसम्म अध्ययनसमेत भएको छैन् ।” जलवायु परिवर्तनका कारण प्राप्त हुने क्षतिपूर्ति प्रभावित क्षेत्रमै उपयोग हुनुपर्ने तर्क गर्दै उहाँले स्थानीय सरकारको नीति तथा कार्यक्रममै आफूहरूले जलवायु न्यायका लागि अपिल गरेको समेत जानकारी गराउनुभयो ।

अन्तरक्रिया कार्यक्रम जलवायु परिवर्तनका क्षेत्रमा कार्यरत संस्था ‘साथसाथै’ फाउण्डेसन र हेलम्बु गाउँपालिकाको संयुक्त आयोजनामा भएको थियो । कार्यक्रममा कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सहसचिव सवनम सिवाकोटीले वर्षामा भइरहेको फेरबदलले कृषिबाली उत्पादन र जीवनशैलीमा नै प्रभाव पर्ने गरेको तथ्य अवगत गराउनुभयो । उहाँले बर्सेनि निम्तिरहेका विपद्का क्षतिलाई जलवायु परिवर्तनको असरसँग जोड्नुभन्दा पहिले पर्याप्त अध्ययन र प्रमाणित तथ्याङ्क आवश्यक रहेको बताउनुभयो । वन तथा वातावरण मन्त्रालयअन्तर्गतको वनस्पति विभागका महानिर्देशक डा राधा वाग्लेले कार्बन उत्सर्जनमा नेपालको भूमिका नगन्य भए पनि नेपालजस्ता मुलुक जलवायु परिवर्तनको बढी मारमा पर्ने गरेको बताउनुभयो । उहाँले प्राकृतिक विपद् जलवायुजन्य भएको प्रमाणित



भए अन्तर्राष्ट्रिय सहयोग जुटाउन सहज हुने जानकारी गराउनुभयो ।

यस्ता ठूला विपद्को क्षतिपूर्तिका लागि सरकारले अन्तर्राष्ट्रिय निकायसँग समन्वय गर्नु आवश्यक रहेको उहाँको धारणा थियो । राष्ट्रिय योजना आयोगका पूर्व सदस्य वातावरणविद् डा प्रभु बुढाथोकीले नेपालमा जलवायु परिवर्तनका कारण प्रत्येक वर्ष भोग्नुपरिरहेका विपद्को जिम्मेवार नेपाल मात्रै नभएको बताउँदै यसको क्षतिपूर्ति पीडितको रूपमा नभएर अधिकारको रूपमा माग्नुपर्नेमा जोड दिनुभयो ।

नास्टका पूर्व उपकुलपति डा जीवराज पोखरेलले विश्वमा जलवायु परीवर्तनका विभिन्न असर देखिएको प्रमाणित भएको तथ्य जानकारी गराउँदै यसको नियन्त्रणको प्रयाससँगै जीवनशैलीलाई पनि अनुकुलन बनाउनुपर्ने बताउनुभयो ।

‘साथसाथै’का अध्यक्ष प्रजिता कार्कीले जलवायु परिवर्तनबाट महिला, बालबालिका र अल्पसङ्ख्यक समूदाय बढी प्रभावित भइरहेकाले त्यसतर्फ सरोकारवाला निकायले ध्यान दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा पत्रकार बालकृष्ण बस्नेतको निर्देशनमा तयार गरिएको हेलम्बुको विपद्सम्बन्धी विशेष वृत्रचित्र प्रदर्शन गरिएको थियो । वृतचित्र गत अक्टोबरमा ईजिप्टको सार्म अल शेखमा आयोजित जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप(२७) मा समेत प्रदर्शन गरिएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासङ्घका पूर्वसभापति वरिष्ठ पत्रकार डा सुरेश आचार्य, नेपाल वातावरण पत्रकार समूहका अध्यक्ष रोशनी अधिकारी, सञ्चारकर्मी विष्णु खड्का, जगन्नाथ दुलाल, कमला पाखिन, पत्रकार महासङ्घ सिन्धुपाल्चोकका सभापति जीवन श्रेष्ठलगायतले बाढीपहिरोले हेलम्बु क्षेत्रमा पुर्‍याएको असर र समस्या समाधानका विभिन्न उपाय बारेमा आफ्ना धारणा व्यक्त गर्नुभएको थियो ।

***हेलम्बु गाउँपालिका र साथसाथैबीच समझदारी पत्रमा हस्ताक्षर***

बाढीपहिरोले हेलम्बुमा पुर्‍याएको क्षतिपछि जलवायु परिवर्तनका असर न्यूनीकरण र सामाजिक विकासका सन्दर्भमा काम गर्ने उद्देश्यले हेलम्बु गाउँपालिका र साथसाथैबीच समझदारी पत्रमा हस्ताक्षर भएको छ । सो समझदारी पत्रमा गाउँपालिकाका अध्यक्ष शेर्पा र साथसाथैका अध्यक्ष कार्कीले हस्ताक्षर गर्नुभयो ।

समझदारीअन्तर्गत हेलम्बु क्षेत्रमा जलवायु परिवर्तनले पारेको असर सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने, जलवायुजन्य हानि नोक्सानी र त्यस क्षेत्रमा शिक्षा, स्वास्थ्य, सचेतना, स्थानीय पर्यटन र महिला बालबालिकाको हकहितका सम्बन्धमा विभिन्न कार्यक्रम गरिनेछ ।

यस बाहेक जलवायु परिवर्तनका आसरसँग जुझ्न विभिन्न अनुकूलनका कार्यक्रमका साथै जलवायु न्यायका लागि जनजागरण अभियान सञ्चालन गर्ने, सरोकारवाला राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायको ध्यानाकर्षण गराउनेगायत विषयमा साझेदारी गरिने सहमति पत्रमा उल्लेख छ । (रासस)

# समयमै विद्यालयमा पाठ्यपुस्तक पुर्‍याउन निर्देशन

*काठमाडौँ, ९ माघ*

राष्ट्रियसभा दीगो विकास तथा सुशासन समितिले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई आगामी शैक्षिक सत्रमा समयमै सबै विद्यालय र विद्यार्थीलाई पाठ्यपुस्तक पुर्‍याउने सुनिश्चितता गर्न निर्देशन दिएको छ ।

समितिको आजको बैठकमा शिक्षामन्त्री र मन्त्रालयका पदाधिकारीसँगको छलफलपछि सभापति प्रकाश पन्थले आगामी शैक्षिक सत्रमा समयमै सबै विद्यालय र विद्यार्थीका हातमा पुस्तक पुर्‍याउन शिक्षा मन्त्रालयको गम्भीर ध्यानाकर्षण गराउनुभयो ।

यसअघि बैठकमा मन्त्रालयका पदाधिकारीले पाठ्यपुस्तक छपाइसम्बन्धी कार्ययोजना प्रस्तुत गर्दै आगामी शैक्षिक सत्रमा पाठ्यपुस्तकको अभाव हुन नदिने प्रतिबद्धता जनाउनुभयो । बैठकमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री शिशिर खनालले निर्णय कार्यान्वयन नभइ विद्यार्थी





अन्यायमा पर्ने अवस्था हुन नदिनेमा मन्त्रालय सहज र सचेत रहने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, “संसद् र संसदीय समितिका सुझाव, ध्यानाकर्षण र निर्देशनका आधारमा सहकार्य गर्दै समयमै पाठ्यक्रम पुर्‍याउने विषयमा खरोरूपमा उत्रने छौँ”, सचिव रामकृष्ण सुवेदीले भन्नुभयो । उहाँले पाठ्यपुस्तक छपाइका लागि आवश्यक जनशक्ति र उपकरण सहज भए पनि सार्वजनिक खरिद प्रक्रियालगायतका कारण कागज खरिदमा समस्या उत्पन्न हुँदै आएको बताउनुभयो ।

आगामी शैक्षिक सत्रका लागि देशभर रहेका कक्षा १ देखि कक्षा ३ सम्म रङ्गिन ठूलो आकार, कक्षा चारदेखि कक्षा १० सम्म चार रङ्गमा पाठ्यक्रम छपाइ भइरहेको जानकारी दिइयो । कक्षा नौ र १० का ऐच्छिक विषय तथा कक्षा ११ र १२ का पाठ्यपुस्तक श्वामश्वेत छपाइ गरी वितरण गर्ने योजना रहेको समितिलाई जानकारी गराइयो ।

आगामी शैक्षिक सत्र २०८० का लागि आवश्यक पर्छ । जसमा करिब दुई करोड ४० लाख थान पुस्तकमध्ये करिब ५० लाख छपाइ मौज्दात छ । बाँकी एक करोड ६७ लाख पुस्तकका लागि दैनिक दुई लाख ५० हजारका दरले छपाइ गर्न दैनिक २० घण्टामा मेसिन सञ्चालन गर्ने कार्ययोजना प्रस्तुत गरियो ।

बैठकमा सदस्यहरूले विगतका सोच र सार्वजनिक खरिद ऐनमा मात्र नभइ समयमै विद्यार्थीका हातमा पुस्तक पुर्‍याउन जनशक्ति, बजेट र नीतिमा के सुधार गर्नुपर्ने हो त्यसका लागि राज्य समयमै तयार हुनुपर्नेमा जोड दिनुभएको थियो ।

समिति सदस्य शारदादेवी

बाँकी तेस्रो पृष्ठमा

सडक किनारामा गाई वस्तु नबाधौं, नाद खुट्टी आदि नराखौं ।
सुवर्ण गाउँपालिकाको कार्यालय, कवहीगोठ, बाराद्वारा जनहितमा जारी सन्देश
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**समयमै..................**

भट्टले भन्नुभयो, "किसानलाई मल र विद्यार्थीलाई पुस्तक अभाव भइरहन्छ भने देशले कसरी विकास र समृद्धिका सपना पूरा गर्न सक्ला !" अर्का सदस्य कमलादेवी पन्तले मुलुकमा दुई खाले शिक्षा रहुन्जेल संविधानको मर्म र भावना विपरीत हुने धारणा राख्नुभयो ।

**ठेकेदारहरुले...........**

अख्तियार अनुसन्धान कार्यालय हेटौडा र राजश्व अनुसन्धान कार्यालय पथलैयाले अनुसन्धान गरिरहेको छ ।

नदीजन्य पदार्थहरु सङ्कलन तथा बिकी ठेक्कामा ठेक्कदारसँग मिलामतो गरेको , ठेक्कदारले पैसा नतिर्दा जफत गर्नुपर्ने बैक ग्यारेन्टी रकम जफत गरि असुल नगरेको लगायतको कारण देखाउँदै जीतपुरसिमरा उपमहानगरपालिकाको तत्कालिन प्रमुख प्रशासकिय अधिकृत शिवराज सेढाई निलम्बनमा परेका छन् । उनीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान अगाडि बढाएको छ।

सेढाई निलम्बनमा पर्दा उनी बाराका सहायक प्रमुख जिल्ला अधिकारी थिए ।

**बारा......................**

नगरपालिका वडा नं.२ बस्ने एजाजुल हक अंसारी, निजगढ नगरपालिका वडा नम्बर १ बस्ने बासु चौधरी, हातहतियार खरखजाना मुद्दामा पक्राउ परेका हुन । पक्राउ परेका मध्ये ३६ जनालाई थुनुमा राख्न पर्सा कारागार कार्यालय चलान गरिएको छ भने बाँकी जरिवाना भुक्तान गरी मुक्त भएका छन । बारा प्रहरीले अदालतको फैसला कार्यान्वयन गरी समाजमा सुरक्षाको अनुभुति दिलाउन र अपराध गरिसकेपछि कोही पनि तोकिएको सजाय, जरिवाना भुक्तान नगरी लुकीछिपी बस्न नसक्ने हुँदा प्रहरीले फैसला कार्यावन्यनलाई अभियानको रूपमा संचालन गरेको प्रबक्ता राजेश थापाले बताएका छन ।

**राजपुरमा...............**

बुझाउन पाँच सय हजार रुपैया खर्च गरी सदरमुकाम गौर धाउनुपर्ने बाध्यातालाई अन्त्य गर्न उनिहरुलाई प्याक पर्ने ठाउँ राजपुरको डमार चौकमा उक्त महशुल काउण्टर सञ्चालन गरेको बताएका छन् ।

उक्त विद्युत काउन्टर नेपाल विद्युत प्राधिकरण मधेश प्रदेश प्रादेशिक कार्यालय जनकपुर द्वारा गौर वितरण केन्द्रको सहकार्यमा स्थापना गरिएको हो । राजपुर नगरपालिकामा विद्युत काउन्टर स्थापना भएपछि सो क्षेत्रका जनतालाई विद्युत महशुल बुझाउन सदरमुकाम गौर नै जानुपर्ने बाद्यता हटेको छ ।

उद्घाटन कार्यक्रममा:-नगर उप(प्रमुख, जमिला असगरी, नगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत बैजु ठाकुर, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, विभिन्न राजतिक दलका प्रतिनिधि, शिक्षक, समाजसेवी, डाक्टर एवं स्थानीय प्रहरी, सुरक्षाकर्मी तथा सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

**एकीकृत.................**

सदस्य एवं मधेस प्रदेशका उपाध्यक्ष रामचन्द्र साहले संगठन विस्तार, निर्माण ध्यान दिन निर्देशन दिएका छन् ।

यसैगरी पोलिटव्यूरो सदस्य एवं वारा इन्चार्ज दिनेश राईले पार्टीलाई शसक्त बनाउँदै अगाडी बढनुको बिकल्प नभएको बताए । बारा जिल्लाको सबै पालिका, वडाहरुमा सदस्यता वितरण, नविकरण लगायतका काम तिब्र रुपमा अगाडी बढाउँदै संगठनलाई बलियो बनाउँने काममा लाग्न उनले निर्देशन दिए ।

बैठकमा पार्टीका केन्द्रीय सदस्य एवं सहइन्चार्जहरु श्रीप्रसाद पासवान, विभा कार्की, हिमाल खरेल, मधेस प्रदेश कमिटीका सदस्यहरु सुरेश मोदक, कृष्ण खनाल, गौरि ढकाल, शेशनाथ कुशवाहा, केन्द्रीय सल्लाहकार कमिटीका सदस्य छठु यादव, तेजप्रसाद चौधरी, निर्वाचन आयोग सदस्य बतहु यादव लगायतको विशेष सहभागिता रहेको थियो ।

# निर्यात प्रवर्द्धन प्राथमिकतामा : अर्थमन्त्री

*काठमाडौँ, ९ माघ*

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले निर्यात प्रवर्द्धन सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ । उहाँले निर्यात प्रबर्द्धनका लागि नेपालमै अन्तर्राष्ट्रिय स्तरको मेला आयोजना गर्न सरकार सकारात्मक रहेको बताउनुभयो ।

आज निर्यात व्यवसायी महासङ्घका प्रतिनिधिहरूसँग कुरा गर्दै उहाँले यसका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग छलफल गरी आवश्यक निर्णय लिने बताउनुभयो । महासङ्घका अध्यक्ष रामबहादुर गुरुङ नेतृत्वको टोलीले अर्थमन्त्री पौडेलसँग निर्यात प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय मेला आयोजना गर्न माग गरेको थियो ।

महासङ्घले नेपाली मौलिक उत्पादनको पहुँच विश्वबजारसम्म पुर्‍याउन, निर्यातजन्य नेपाली वस्तु तथा सेवाको मूल्य तथा बजार बढाउन र निकासी सहजताका लागि आवश्यक पहल गर्न माग गरेको थियो ।

महासङ्घका अध्यक्ष गुरुङले अन्तर्राष्ट्रिय मेला आयोजना हुन सके नेपालमा उत्पादित वस्तुलाई विश्व बजारमा चिनाउन मद्दत पुग्ने बताउनुभयो ।

मेलामार्फत् नेपाली कला, संस्कृति, खाद्य परिकार प्रवर्द्धनमा सहयोग पुग्ने उहाँको भनाइ थियो । नेपालमै अन्तर्राष्ट्रियस्तरको मेला आयोजना गर्न करिब रू १९ करोड आठ लाख खर्च लाग्ने महासङ्घको अनुमान छ । (रासस)

# न्यायालय मे

# सव जज प्रथम मोतिहारी पूर्वोचम्पारण

## विभाजन वाड सं. २७१/२०२० ई

## वीरलाल प्रसाद यादव वो......मुइईयान

## वनाम

## यादोलाल राय वो........................मुदालहम

नोतिस वनाम मुदालय न.(१) फुलगेनी देवी पति अम्विका राय पिता स्व. रमण राय, साकिन अवरैया ,वाड न.५ थाना कवही ,जिला वारा नेपाल ।

मवलदेवी पति रामशरण राय पिता स्व.रमण राय, साकिन गँगानगर,वार्ड न.४ थाना कवहीगोठ जिला बारा नेपाल ।

अव इस सुचना प्रकाशन के माध्यम से आपलोगोको सुचित किया जाता है कि आपलोग अगाली निर्धारित तिथि दिनांक ०२/०२/२०२३ समय १०:३० बजे न्यायालय मे स्वंय या अपने विद्धान अधिवक्ता के माध्यम से उपस्थित होकर अपना अपना पक्ष रखे । अन्यथा बाध्य होकर न्यायालयको आप लोगो के विरुद्ध एकपक्षीय कार्यवाई कनी पडेगी । इसे अति आवश्यक समझे मिरे हस्ताक्षर वा कार्यालय के मुहर से आज दिनांक ११-११-२०२२ को जारी ।

**सव जज प्रथम सिविल कोर्ट मोतिहारी**

# रास्वपा संसदीय दलको उपनेतामा श्रेष्ठ र प्रमुख सचेतकमा परियार

*काठमाडौँ, ९ माघ*

राष्ट्रिय स्वतन्त्र पार्टीको संसदीय दलको उपनेतामा विराजभक्त श्रेष्ठ र पार्टीको प्रमुख सचेतकमा सन्तोष परियार चयन हुनुभएको छ ।

रास्वपाको संसदीय दलको बैठकले श्रेष्ठलाई संसदीय दलको उपनेतामा र परियारलाई प्रमुख सचेतकको रूपमा चयन गरेको सो पार्टीका महामन्त्री एवम् प्रवक्ता डा मुकुल ढकालले जानकारी दिनुभयो ।



संसदीय दलको उपनेतामा चयन हुनुभएका श्रेष्ठ काठमाडौँ क्षेत्र नं ८ बाट प्रतक्ष्य निर्वाचित सांसद हुनुहुन्छ भने प्रमुख सचेतकमा चयन हुनुभएका परियार समानुपातिक सांसद हुनुहुन्छ । रास्वपा संसदीय दलको नेतामा पार्टीका सभापति रवि लामिछाने यसअघि नै चयन भइसक्नुभएको छ ।

पार्टीबाट हाल प्रतिनिधिसभामा बीस जना सदस्य हुनुहुन्छ । (रासस)

# श्री ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि.

**कलैया– ४ बारा**

**स्था. २०६८**

## धित्तोमा रहेको चल अचल सम्पत्ति डाँक बढाबढ मार्फत धित्तो लिलाम बिक्रीको १५(पन्द्र) दिने अत्यन्त जरुरी सुचना ।

*सूचना प्रकाशित मिति :२०७९/१०/१० गते (साझेदारी राष्ट्रिय दैनिक)*

यस श्री ऋिद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि. जिल्ला बारा कर्लया उ.म.न.पा. वर्डा नं.-४ को कार्यालयबाट तपशिलमा उल्लेखित भए बमोजिमका सदस्यले उपभोग गर्नु भएको कर्जाको सावां ब्याज र हर्जना रकम हलसम्म तिर्न बूझाउनू पर्नेमा नतिरी नबूझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बूझाउन बारम्बार तरताकेता गर्दा समेत हाल सम्म उक्त कर्जा तिर्न बूझाउन पर्ने कर्जाको सावां ब्याज र हर्जना रकम चूक्ता भूक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चूक्ता गर्ने तर्फ तात्परता नदेखाएको हूनाले मिति २०७९/०६/२६ गतेको साझेदारी राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्नको लागि ३५(पैतिस) दिने सार्वजनिक सूचना र मिति २०७९/०८/२८ गतेको साझेदारी राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्नको लागि ३५(पैतिस) दिने डाँक बढाबढ मार्फत धित्तो लिलाम बिक्रीको सूचना प्रकाशित गर्दा समेत ऋणीले तिर्न वझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले संस्थालाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ती लिलाम विक्रि गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि १५ दिने डाँक बढाबढ मार्फत धित्तो लिलाम बिक्री सुचना प्रकाशित गरिएको छ । साथै सूरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्रीबाट यस संस्थाको सम्पुर्ण रकम असूल उपर नभएमा वा कथम कथाचित धितोबाट असूल उपर हून नसके वा असूल उपर नभएमा ऋणी सदस्यको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानुन बमोजिम करवाही गरी असूल उपर गरी लिने व्यहोर ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सुचनाद्धारा जनकारी गराईन्छ ।

साथै सुचनाको म्याद भित्र ऋणी सदस्यले संस्थामा सम्पर्क राखी तथा सिघ्र कर्जा भूक्तानी गराई आफनो सम्पत्तीको संरक्षण गर्न गराउनू हून समेत विशेष अनूरोध गरिन्छ ।

**डाँक बढाबढ मार्फत धित्तो लिलाम बिक्रीको शर्तहरु:**

१. बोलकबोलमा सहभागी हूने व्यक्ति वा पार्टी लिलाम बिक्री गर्ने स्थानमा कार्यालय खूल्ने समय देखी ११ बजे सम्म आई आ आफ्नो नाम दर्ता गराई सक्नूपर्नेछ ।
२. बोलकबोलमा सहभागी हूने व्यक्तिहरुले आफ्नो सक्कल नागरिकता लिएर आउनू पर्नेछ ।
३. डाँक बढाबढ मार्फत लिलाम सकार गर्ने व्यक्ति वा पार्टीले लिलामी सकार गरेको दिन मै कार्यालय समय भित्र आफुले सकार गरेको कुल रकमको १०% रकम संस्थामा जम्मा गर्नुपर्नेछ ।
४. लिलाम सकार गर्ने व्यक्ति वा पार्टीले लिलामी सकार गरेको ३० दिनभित्र धरौटी रकम बाहेक बाँकी हून आउने सम्पुण रकम बूझाई उक्त सम्पत्ति आफनो नाममा नामसारी गर्ने प्रकृया अगाडी बढाई सक्नूपर्नेछ । अन्यथा धरौटी वापत रहेको १०% रकम स्वत : जफत हुनेछ ।
५. कुनै पनि अवस्थामा लिलाम प्रकृया रद गर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
६. डाँक बढाबढ मार्फत लिलाम सकार गर्ने व्यक्ति वा पार्टीले लिलामी सकार गर्न चाहेको सम्पत्ती जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा सकार खरिद गर्नू पर्ने छ । लिलाम बिक्र हूने सम्पत्ती सम्बन्धी र अन्य कूरा बूझन र हेर्न वा स्थलगत निरिक्षण गर्न चाहनू हून महानूभावहरुले यस संस्थामा कार्यालय समय भित्र सम्पर्क राख्न सम्नू हूनेछ ।
७. डाँक बढाबढ मार्फत धितो लिलाम बिक्री गर्दा कसैले नसकारेमा प्रचलित ऐन कानून तथा आफ्नो नियमानूसार संस्थाले स्वयं उत्त सम्पत्ती सकार गरी आफ्नो स्वामीत्व अधिनमा लिने वा अधिनमा राख्न सक्ने छ ।
८. उत्त लिलाममा राखेको सम्पत्तीको स्वामित्व हस्तान्त्रण गर्दा लाग्ने नेपाल सरकारको दस्तूर, रजिष्ट्रेशन दस्तूर, सम्पत्ती कर, स्थानिय कर लगायतको समपुर्ण दायित्व सकार गर्ने व्यक्ति वा पार्टीले आफैले तिर्नू बूझाउनू पर्नेछ ।
९. उलेखित सम्पत्ती धित्तो लिलाम सकार गरिसकेपछि सोको सम्पुर्ण जवाफदेही स्वयं खरिदकर्ता नै हूनेछ । संस्थासंग पछि कूनै कैफियत देखाउन वा दावी गर्न पाउने छैन ।

**तपशिल**

| ऋणीको नाम ठेगाना तथा विवरण | धित्तो विवरण |
|---|---|
| ऋणीको नाम:- यज्ञराज उपाध्याय घिमिरे<br>बुबा/पतिको नाम :-जीवननाथ उपाध्याय घिमिरे<br>बाजे/ससुराको नाम:-भानुभक्त उपाध्याय<br>ठेगाना:- मन्थली-१,रामेछाप<br>नागरिकता नं.:-१७१५<br>कर्जाको शिर्षक:- घर कर्जा<br>हाल कलैया-६, बारा | यज्ञराज उपाध्याय घिमिरेको नाममा मालपोत कार्यालय कलैया बारामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला वरेवा गा.वि.स. बडा नं.५क को किता नं. ३५६ को क्षेत्रफल ०-०-१६ जग्गा र सो जग्गाले चर्चेको लिगलाग पात समेत । |

जन्म दर्ता, मृत्यु दर्ता, बसाईसराई लगायत घटना दर्ताहरु समयमै गर्ने गरौं ।
प्रसौनी गाउँपालिकाको कार्यालय, प्रसौनीद्वारा जनहितमा जारी सन्देश



विरगंज घण्टाघर उत्तरपटी जहिले ईरिक्सा र अटोरिक्साले सधै जाम भई बाटो अवरुध भएपछि प्र.ना.नि.राम सुन्दर आर्यको टोलीले बाटो अवरुध हटाउद । तस्वीर : साझेदारी

# एकीकृत समाजवादीको जिल्ला अधिवेशन आउँदो बैशाख ३० मा हुने

*साझेदारी संवाददाता*
*कलैया, ९ माघ*

नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत समाजवादी) बाराको जिल्ला अधिवेशन आउँदो ३० बैशाखमा कलैया उपमहानगरपालिकामा हुने भएको छ ।

एकीकृत समाजवादी जिल्ला कमिटी बाराको सोमबार कलैया स्थित एभरेष्ट होटेलमा बसेको जिल्ला कमिटीको बैठकले जिल्ला अधिवेशन ३० बैशाखमा गर्ने निर्णय गरेको हो ।




यसैगरी बैठकमा बारा क्षेत्र नं. ४ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित पार्टीका केन्द्रीय सदस्य किसान श्रेष्ठ, मधेस प्रदेशका सांसद लक्ष्मी देवी, पालिकामा पार्टीको तर्फबाट बिभिन्न पदमा निर्वाचित जनप्रतिनिधिलाई दोसल्लाह आढोई सम्मानित गर्दै देश र जनताको पक्षमा काम गर्न शुभकामना दिईएको छ ।

बैठकले बिभिन्न पार्टी परित्याग गरी एकीकृत समाजवादीमा प्रवेश गर्ने लगायतकालाई पार्टीमा समायोजन गर्दै उनीहरुलाई जिम्मेवारी दिने निर्णय गरेको छ । जिल्ला कमिटीको बैठक बस्नुभन्दा अघि पदाधिकारी तथा सचिवालय बैठकले गरेको निर्णय बैठकले अनुमोदन गरेको छ ।

जिल्ला अधिवेशन अघि क्षेत्र, पालिका, वडाको अधिवेशन सम्पन्न गर्न, सदस्यता वितरण, नविकरण लगायतका निर्णय समेत बैठकले गरेको छ। बैठकलाई सम्बोधन गर्दै एकीकृत समाजवादीका पोलिटव्यूरो

बाँकी तेस्रो पृष्ठमा

# जहाज समयमा उडाउनुहोस्, नेपाली समयको बदनाम नगर्नुहोस् : पर्यटनमन्त्री



*काठमाडौँ, ९ माघ*

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले नेपाल वायुसेवा निगमका अध्यक्ष युवराज अधिकारीलाई जहाज समयमै उडाउन निर्देशन दिनुभएको छ। आज वायुसेवा निगमको कार्यालय निरिक्षण गर्दै मन्त्री किरातीले निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीलाई एक सेकेन्डको पनि महत्व हुने भन्दै समयमै जहाज उडाउन र नेपाली समयको बदनाम नगर्न निर्देशन दिनुभएको हो ।

उहाँले निगमका जहाजहरूको दैनिक रिपोर्ट पनि पेस गर्न निर्देशन दिनुभयो । "कुन जहाज कतिबेला उडे ? कहाँ रोकिए ? के कारणले रोकिए भन्ने विषयमा विषयमा दैनिक रिपोर्ट चाहियो, म रिपोर्ट नहेरी घर जान्न", उहाँले भन्नुभयो ।

"विश्वमा युद्ध लड्दा एक सेकेन्डको पनि ठूलो महत्व हुन्छ, तोकिएको समयमै जहाज उडाउनुहोस्, नेपाली समयलाई बदनाम नगराउनुहोस्",उहाँले भन्नुभयो ।

मन्त्री किरातीले निगम सुधारका लागि छिट्टै आर्थिक योजना पेस गर्न र एक महिनाभित्र अनलाइनमार्फत् टिकट काट्ने व्यवस्था गर्न पनि अध्यक्ष अधिकारीलाई निर्देशन दिनुभयो। "जहाज अब उप्रान्त समयमै उड्नु पर्छ, हिजो के भयो त्यो म हेर्दिन, जहाज स्टार्ट भइसक्यो अब रोकिनु हुँदैन", उहाँले भन्नुभयो, "नकारात्मक काम गर्दिन, सकारात्मक काममा सधै साथ दिन्छु ।" (रासस)

# योजना आयोगको उपाध्यक्षमा श्रेष्ठ

*काठमाडौँ, ९ माघ*

राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा डा मीनबहादुर श्रेष्ठ नियुक्त हुनुभएको छ । आज बसेको मन्त्रिपरिषद्को बैठकले डा श्रेष्ठलाई उपाध्यक्षमा नियुक्त गरेको हो ।

उपाध्यक्षमा नियुक्त डा श्रेष्ठलाई आजै आयोगका अध्यक्ष प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा उहाँलाई पद तथा गोपनीयताको शपथग्रहण गराइएको प्रधानमन्त्रीका प्रेस विज्ञ मनोहरि तिमिल्सिनाले जानकारी दिनुभयो ।

यसअघि पनि डा श्रेष्ठले उपाध्यक्षाको भूमिका निर्वाह गरिसक्नुभएको छ ।(रासस)


# प्रसौनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**प्रसौनी, बारा**
**मधेश प्रदेश, नेपाल**

## दरभाउपत्र आव्हानको सुचना

*प्रथम पटक प्रकाशित मिति (२०७९/१०/१०)*

| ठे.नं. | ठेक्का शिर्षक | न्यूनतम ठेक्का अंक मु.अ.कर समेत | धरौटी रकम | बोल पत्र फारम दस्तुर (पछी फिर्ता नहुने गरी) |
|---|---|---|---|---|
| PRM/SQ/W/2079/080/04 | उस्मान मियाँको घर देखी रामचन्द्र कुम्हाल को घर सम्म नाला र सडक ढलान कार्य,वार्ड नं.१ | रु. १९,४८,१२०/०० | रु. ६०,०००/०० | रु. १,०००.०० |
| | अक्लु मियाँको घर देखी पश्चिम क्षेत्रिय बाटो सम्म सडक ढलान तथा बाटो मर्मत कार्य,वार्ड नं.२ | | | |
| | साबिक वार्ड नं.६ हाल प्रसौनी गा.पा.४ मा पर्ने अबु बकर मस्जिदको अधुरो कार्य अन्तर्गत मस्जिद को छत र भर्यांगको ढलान तथा निर्माण कार्य,वार्ड नं.४ | | | |
| | अधुरो ब्रहम्बाबा मन्दिरको निर्माण कार्य,वार्ड न.५ | | | |
| PRM/SQ/W/2079/080/05 | मंसुर आलमको घर निर भएको मस्जिद भत्काई पुनःनिर्माण कार्य,वार्ड नं.६ | रु. १४,६१,०९०/०० | रु. ४५,०००.०० | रु. १,०००.०० |
| | सतन यादवको घर देखी मारकंडे साहको घर सम्म नाला एवम सडक ढलान कार्य,वार्ड नं.७ | | | |

१. यस प्रसौनी गाउँपालिका अन्तर्गत पर्ने बिभिन्न वडाहरुमा निर्माण कार्य दरभाउपत्रबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट दरभाउपत्र आव्हान गरिएको छ ।
२. इच्छुक निर्माण व्यवसायीहरुले मिति २०७९/१०/२४ गते सम्ममा प्रसौनी गाउँपालिकाको कार्यालयबाट कार्यालय समय भित्र दरभाउपत्र दस्तुर वापत रु.१००० (रु.एक हजार मात्र,पछि फिर्ता नहुने गरी) तिरी दरभाउपत्र फाराम खरिद गरीसक्नु पर्नेछ ।
३. इच्छुक निर्माण व्यवसायीहरुले दरभाउपत्र फाराम वापतको नगदी रसिद साथ नवीकरण भएको निर्माण व्यवसाय इजाजत पत्र,आ.व.२०७८/०७९ सम्मको कर चुक्ता प्रमाण पत्र तथा मू.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपि संलगन राखी निवेदन दिई दरभाउपत्र खरिद गर्न सक्नेछन ।
४. शिलबन्दी दरभाउपत्र मिति २०७९/१०/२५ दिनको १२:०० बजे सम्म प्रसौनी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,प्रसौनी,बारामा दर्ता गराई सकनु पर्नेछ ।
५. रीतपुर्वक समय भित्र प्राप्त दरभाउपत्र,मिति २०७९/१०/२५,गते दिनको १४:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्रको राजस्व र जमानत वापतको रकम यस कार्यालयको हिमालयन बैंक लि ,प्रसौनीमा रहेको तपसील बमोजिमको खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारि भएको कम्तिमा ९० दिन (Validity Period Of The Bid (i.e. 120 Days) म्याद भएको बैंक जमानत सक्कलै पेश गर्नु पर्ने छ ।

| | |
|---|---|
| Name Of The Bank :- Himalayan Bank Ltd,Prasauni,Bara.<br>Name Of Office :-Office Of The Rural Municipal Executive Prasauni,Bara.<br>Office Account Name :-GA-1.1 Aantrik Rajaswa Khata Prasauni.<br>Office Account No :-05307682940019 | Name Of The Bank :- Himalayan Bank Ltd,Prasauni,Bara.<br>Name Of Office :-Office Of The Rural Municipal Executive Prasauni,Bara.<br>Office Account Name :-*GA-3.1 Dharauti Khata Prasauni.*<br>Office Account No :-05307682940013 |

६. दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा बिदा लगतै कार्यालय खुलेको पहिलो दिनको सोहि समय भित्र दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्नु पर्नेछ ।
७. सम्पूर्ण कागजात नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ ।
८. दरभाउपत्र दाताले दरभाउपत्र भर्दा प्रत्येक आइटमको दरभाउ अंक र अक्षरमा सपस्ट गरी लेखु पर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउंमा सहि गरी छाप लगाएको हुनु पर्नेछ ।
९.दरभाउपत्र पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकृत गर्ने ,नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ ।
१०.यसमा उल्लेखित नभएका अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

*प्रमुख प्रशासकीय अधिकृत*


पर्यटकिय स्थलको संरक्षण र प्रचार गरी नगरको विकासमा जुटौं ।
निजगढ नगरपालिकाको कार्यालय, निजगढ, बाराद्वारा जनहितमा जारी सन्देश